## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## काइके गाउँपालिका

### डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## काइके गाउँपालिका

### डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## काइके गाउँपालिका

डोल्पा


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १०३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
काइके गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियत सहितको राय**

हामीले काइके गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.९७ लाख ७५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध भई रु.२५ लाख ९८ हजार हटाई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४४ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख ३ हजार, नियमित गर्नुपर्ने रु. ७ लाख २४ हजार र पेश्की शुन्य रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.५ करोड ५१ लाख ७७ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड २३ लाख ५४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

काइके गाउँपालिका, डोल्पा

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | ४४ | ९७७५ | ० | २१ | २५९८ | ५३ | २३ | ७१७७ | ४४५० | ७२४ | २००३ | ० | ० | २७२७ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ५४ | कमल बहादुर सहकारी अशुल भइ दाखिला भएको प्रमाण पेश | ५७ |
| २ | ५० | अरनिको माविको प्रमाण पेश | २२७ |
| ३ | ५६ | अरनिको माविको प्रमाण पेश | ४७८ |
| ४ | ४५ | विरेन्द्र डागीको असुल दाखिला प्रमाण पेश | ३१ |
| ५ | ४६ | अरनिको मा विको प्रमाण पेश | ८३ |
| ६ | ५५ | बढि भुक्तानि भएको रकम विभिन्न कार्यक्रमको अशुल भइ दाखिला भएको प्रमाण पेश (११जनाको) | २० |
| ७ | ५९ | किरण/धुम जे.भि. असुल दाखिला प्रमाण पेश | १० |
| ८ | ४२ | अनुशिल मल्ल र अमित रानाको स्थानिय भत्ता र मंहगि भत्ता फस्यौंट प्रमाण पेश (२ जनाको) | ३४० |
| ९ | ४५ | विरेन्द्र डागीको असुल दाखिला प्रमाण पेश | २ |
| १० | ५२ | सुरक्षित नागरिक आवास कार्यक्रमको प्रमाण पेश | १३५० |
| | | **जम्मा** | **२५९८** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काइके गाउँपालिका डोल्पा | ५५१७७ | ० | ० | ५५१७७ | ० | ७१७७ | ६२३५४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : काइके गाउँपालिका, डोल्पा , काईके गाउँपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| | | **बेरुजु रकम** | ७,१७७,०९४.५१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,५०,१८,८७१.९७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १८,९६,५९,००० | **चालु खर्च** | १३,५६,४८,६६६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८८,५६,००० | **पूँजीगत खर्च** | ९,४६,३९,००० |
| **राजश्व बाँडफाँट** | ३,४३,५५,७१६.८६ | **वित्तीय/अन्य व्यवस्था** | ७,७६,१२,८९२ |
| **आन्तरिक आय** | २७,०५,३४२.८ | | |
| **अन्य आय** | ६,६०,६९,०४०.५ | | |
| **कुल आय** | ३१,१६,४५,१००.१६ | **कुल खर्च** | ३०,७९,००,५५८ |

| बाँकी मौज्दात | १,८७,६३,४१४.९३ |
|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ७ वडा, ३३ सभा सदस्य, २२८.८९वर्ग किलोमिटर क्षेत्रफल तथा ४,२२६ जना जनसंख्या रहेको छ ।<br>उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, ईकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । भौगोलिक विकटता, सिमित समयको कारण स्थलगत निरिक्षण गर्न सकिएन । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तराष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ ।लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।५।२५ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् | |

<table>
<tr><td></td><td></td><td></td><td>।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>

**लेखापरीक्षणको क्रममा असुलीः**

लेखापरीक्षणको क्रममा अग्रिम कर वापत रु ८७३६६ , पारिश्रमिक कर वापत रु ५१०२५, सामाजिक सुरक्षा रकम फिर्ता वापत रु १५६५०९० र सामाजिक सुरक्षा कर वापत रु ४३६५० गरी रु १७४७१३१ असुली भई दाखिला भएको छ ।

</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>

**स्थानीय संचित कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

<table>
<tr><td rowspan="2">सि.नं</td><td colspan="3">आयतर्फ</td><td>सि.नं</td><td colspan="3">व्ययतर्फ</td></tr>
<tr><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td></td><td>१</td><td>चालु खर्च</td><td>१३५६४८६६६</td><td></td></tr>
<tr><td></td><td>क) धरौटि मौज्दात</td><td>२०६७२२०.३०</td><td></td><td>२</td><td>पूँजीगत खर्च</td><td>९४६३९०००</td><td></td></tr>
<tr><td></td><td>ख) बैंक</td><td>१२९५१६५१.६७</td><td></td><td>३</td><td>विषयगत व्यय</td><td></td><td></td></tr>
<tr><td>२</td><td>राजस्व ( आन्तरिक आय)</td><td></td><td></td><td></td><td>क) मुख्यमन्त्रि</td><td>१४२०५०००</td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | रोगजार | | | |
| | क) आन्तरिक राजस्व | २७०५३४२.८० | | | ख) सामाजिक सुरक्षा | ३२२०४४२९ | | |
| | ख) राजस्व बाँडफाँड | ३४३५५७१६.८६ | | | ग) पर्यटन पुर्वाधार | १८०००००० | | |
| | ग) अन्य आय | | | | घ) सामाजिक विकास मन्त्रालय कर्णालि प्रदेश | ५००००० | | |
| | | | | ४ | लगानी | | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | | | ऋण लगानी | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ७०००००० | | | शेयर लगानी | | | |
| | ख) सशर्त | ११९६५९००० | | | अन्य | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | लगानी | | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | धरौटी फिर्ता | १३६८४२६ | | |
| | घ) विशेष अनुदान | ० | | ६ | प्रकोप व्यवस्थापन कोषबाट खर्च | ५९८००० | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | कोष फिर्ता | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ४८८४००० | | ८ | मौज्दात | | | |
| | ख) सशर्त अनुदान | ५५७२००० | | | क) बैँक मौज्दात | १७५०३००८.३३ | | |
| | ग) समपुरक अनुदान | ४९००००० | | | ख) नगद मौज्दात | | | |
| | घ) विशेष अनुदान | ३५००००० | | ९ | शसर्त अनुदान फिर्ता | १०७३७०३७ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत बर्षको बढी अल्या | | | |
| ६ | विषयगत आय | | | ११ | जनश्रमदान मौज्दात | | | |
| | क) मुख्यमन्त्रि रोगजार | १४२०५००० | | १२ | धरौट मौज्दात | १११४५४८.३० | | |
| | ख) सामाजिक सुरक्षा | ३२२०४४२९ | | १३ | विविध खाताको मौज्दात | १४४९६७.५० | | |
| | ग) पर्यटन पुर्वाधार | १८०००००० | | १४ | आन्तरिक कोष | | | |
| | घ)सामाजिक विकास मन्त्रालय कर्णालि प्रदेश | ५००००० | | १५ | प्रकोप व्यवस्थापन कोष खाता | ८९० | | |
| ७ | प्रकोप व्यवस्थापन कोष | ५९८८९० | | | | | | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>धरौटी आय</td><td>४१५७५४</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>अन्य विविध आय</td><td>१४४९६७.५०</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३२६६६३९७२.१३</td><td></td><td></td><td>जम्मा</td><td>३२६६६३९७२.१३</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तिय विवरण:<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको –<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १५९४२२४०।९२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १५०१८८७१।९७ जिम्मेवारी सारेको देखियो । यस सम्बन्धमा यकिन गर्दा गत वर्षको भन्दा रु ९२३३६८।९५ घटी जिम्मेवारी सारेको रकम पालिकाले यकिन गर्नुपर्ने रु</td><td>९२३,३६८</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **बैक हिसाब मिलान नगरेको** –<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको मासिक बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन । असार मसान्तमा पालिकाको श्रेस्ता अनुसार बाँकी रु १७५०३००८.३३ र बैंक स्टेटमेण्ट अनुसार बाँकी पनि रु १७५०३००८.३३ रहेको छ ।पालिकाले मासिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको , | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छैन ,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **सूचना प्रविधी पद्धतिः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा निम्नानुसार देखिएकोः<br><br>:- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको।<br><br>:- सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको।<br><br>:- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको। | |
| ९ | | | **मर्मत अभिलेख खाता :**<br><br>सवारी साधन मर्मत गरेपछि फेरिएका सामान सहितको कूल खर्च देखिने गरी तोकिएको म ले प फाराम अनुसारको गत विगतदेखिको मर्मत खर्च देखिने गरी सवारी साधन मर्मत खाता अद्यावधिक गरी आन्तरिक नियन्त्रण चुस्त दुरुस्त हुनु पर्ने देखियो । | |
| १० | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नसकेको,<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ११ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ढावा सन्दुक गुरुङ्गले मिति २०७८।०३।१० गते रु २३ करोड ६४ लाख ४७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १२ | | | **अबण्डा बजेट** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु १ करोड ३७ लाख ८१ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा रु. १ करोड ३ लाख ३६ हजार र पुजीगततर्फ विभिन्न शीर्षकमा रु. ३४ लाख ४५ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| १३ | | | **बजेट सीमा निर्धारण समिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त | |

| | | | | |
|---|---|---|---|---|
| | | | हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्ने ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १५ | | | **गत बर्षको दायित्व -**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ७५१९१२।६/- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो ।तर गत विगत वर्षको जिम्मेवारी रु १२९५१६५१।६७ सारेवाट वजेट नपुग भएको देखिएन । सम्झौता बमोजिम समयमा काम नभएको यो योजनाको लागि यस प्रकारको व्यवस्था गरेको होइन भनी आश्वस्त हुन सकिएन | |

।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

१६ **चौमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले सो अनुसार प्रगति विवरण तयार गरेको पाईएन। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ९४६३९००० | ० | २२६१०००० | ७२०२९००० | ६५०४८००० |
| प्रतिशत | १०० | ० | २३.९० | ७६.१ | ६८.७४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार यस वर्ष रू. ९४६३९००० निकासा भएकोमा प्रथम चौमासिकमा रु. ० अर्थात ० प्रतिशत, दोश्रो चौमासिकमा रु. २२६१०००० अर्थात २३.९० प्रतिशत र तेश्रो चौमासिकमा रु. ७२०२९००० अर्थात ७६.१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ६५०४८००० अर्थात ६८.७४प्रतिशत खर्च देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१७ **योजना छनौट र कार्यान्वयन :**

<table>
<tr><td></td><td></td><td></td><td>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १०-50 लाख सम्म</td><td>50 लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>२</td><td>४</td><td>११</td><td>१५</td><td>२७</td><td>२</td><td>६१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि ५० लाख सम्मका जम्मा ६१ वटा योजना संचालन गरेकोमा रु. ५लाख भन्दा मुनिका मात्र १७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
कानून र सञ्चालन स्थिति –
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ ऐन, १ नियमावली गरी ५ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले निर्माण गरेको उक्त नियमावली कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ ।बाकि कानूनहरु बनाउन तर्फ पालिकाले ध्यानदिनु पर्ने देखिएको छ।
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
कल्याण कोष –
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस्तो प्रकारको कुनै पनि कोष खडा गरेको पाइएन । | |
| २० | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – <br><br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म २२ मात्र पदपूर्ति भएको पाइयो। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचारी दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २१ | | | **कर्मचारी करार** – <br><br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १९ जना कर्मचारीहरु करारमा राखि रु. १०४६७००६ खर्च लेखेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति हुने कार्य हुनुपर्दछ । | |
| २२ | | | **अनुदान फिर्ता** – <br><br> संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम फिर्ता गरेको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ११९६५९०००० | १०८९२१९६३ | १०७३७०३७ | ० |
| | विषेश | ० | ० | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | ५५७२००० | ५५७२००० | ० | ० |
| | विषेश | ३५००००० | ३५००००० | ० | ० |
| | समपुरक | ४९००००० | ४९००००० | ० | ० |
| | अन्य | ६४९०९४२९ | ६४९०९४२९ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **आर्थिक सहायता –**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष १७ जनालाई रु. ४३८००० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २५ | | | **संस्थालाई अनुदानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष क्याप्टेन दिनेश प्रतिष्ठानलाई स्व.क्याप्टेन दिनेश को शालिक निर्माण लगायत अन्य सहयोगको लागि रु. ५०००० अनुदान वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २६ | | | **डोजर मर्मत तथा आम्दानी :**<br><br>पालिकामा रहेको डोजरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु. २६१६६७० खर्च गरेकोमा उक्त डोजर भाडामा लगाएबापत कार्यालयले रु २५ लाख मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको खासै प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रयोग गर्न जरुरी छ । | |
| २७ | | | **खाना तथा विविध खर्च** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३५१०७२१ खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| २८ | | | **सेवाप्रवाहको स्थिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | ० |
| पञ्जिकरणतर्फ | ० | ० |
| जन्मदर्ता | ४४५ | ४४५ |
| मृत्युदर्ता | ४० | ४० |
| बसाईसराई दर्ता | ४ | ४ |
| विवाह दर्ता | ७७ | ७७ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालन सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br><br>नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट पदाधिकारी सुविधामा रु. ५८५५००० भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>वडा सचिवः<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ७ | ७ | २ | ५ |

३१ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३४२३४००० | ३२९३३८४० | १४.३०१ |
| २ | पूर्वाधार विकास | ६४३०५००० | ५८८५५००० | २५.५५७ |
| ३ | सामाजिक विकास | १०७७६९००० | ९४२१६३०३ | ४०.९१२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२२८००० | २०६३००० | ०.८९५ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६२१८७०६४।२१ | ४२२१९२१३ | १८.३३३ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिकमा सबैभन्दा बढी ४०.९१२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०.८९५ प्रतिशत विनियोजन रहेको छ ।

३२ **आन्तरिक लेखापरीक्षण शाखा :**

<table>
<tr><td></td><td></td><td></td><td>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>गुणस्तर परीक्षण -<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सार्वजनिक परीक्षण -<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्दन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br><br>कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/ योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य</th><th>२५%स</th><th>५०%</th><th>७५%</th></tr>
</table></td><td></td></tr>
</table>

| | | प्रगती | म्म प्रगति | सम्म प्रगति | सम्म प्रगति |
|---|---|---|---|---|---|
| कार्यक्रम संख्या | ६१ | १ | ० | ० | ६० |

३६ **परामर्श सेवा –**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ६६४५०० खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन ।प्राप्त प्रतिवेदनको अभिलेखांकन गरी प्रतिवेदन बमोजिम बजेट विनियोजन गरी कार्य गराई परामर्श सेवाको खर्चको सदुपयोगको आश्वस्तता समेत हुनुपर्दछ ।

३७ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ४ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ ।पालिकाले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु २७१०१७४ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा नराखि रु २७१०१७४ खर्च गरेको छ ।खर्च मध्ये रु ३ लाख ज्याला, ५लाख निर्माण खर्च र अन्यमा १८ लाख ७९ हजार खर्च भएको छ ।

३८ **अनुत्पादक खर्च**

गाउँ पालिकाले वडा स्तरीय आयोजना छनौट गरी कार्यान्वयन गर्दा कतिपय आयोजना वितरणमुखी र अनुत्पादक क्षेत्रमा छनौट गरी कार्यान्वयन गरिएको छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१४५०००० |०० खर्च गरेको देखिन्छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी रोजगारी सिर्जना हुने क्षेत्रमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| **सि न** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| १ | सामाग्री वितरण कार्यक्रम | ज्याकेट खरिद ढुवानी वितरण | १२५००००|०० |
| २ | सञ्चार खर्च वापत एल के जनरल स्टोर एण्ड अडर सप्लार्यसबाट रिचार्ज खरिद | कर्मचारी तथा पदाधिकारीमा वितरण | २०००००|०० |
| **जम्मा** | | | **१४५००००|००** |

यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

३९ **राजश्व दाखिला :**

आर्थिक कार्यबिधि तथा वितिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ७ वटा वडाबाट प्राप्त गरेको रु. २७०५३४२.८० राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार

| | | | | |
|---|---|---|---|---|
| | | | तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ४० | | | **राजश्व अभिलेख :**<br><br>राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति रसिद छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । सो अनुसार नगर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वारा भौचर उठाउदा गोश्वारा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ । | |
| ४१ | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ घरजग्गा बहाल कर वापत अनुमानित रु. ३० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु | |

| | | | | |
|---|---|---|---|---|
| | | | २७०५३४२.८० अर्थात अनुमान भन्दा १० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र राजश्वको अनुमान गर्दा यथार्थता तर्फ ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४२ | | | **करार कर्मचारीलाई भत्ताः**<br><br>*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.३३९८४० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ४३ | | | **तलबि प्रतिवेदनः**<br><br>निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।स्थानिय तहमा कार्यरत कर्मचारीको तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा छुट्टै व्यवस्था भएको देखिदैन। पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. ३५६७१८७।०० तलब खर्च लेखेको पाईयो । पालिकामा कार्यरत संघीय निजामति तर्फका तथा पालिकाको स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता खर्च लेखेकोले तबव तथा ग्रेडमा बढी खर्च हुने देखिन्छ । तसर्थ तबवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्ने तर्फ ध्यान दिनु पर्ने देखिएको छ । | |
| ४४ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष ६ जना कर्मचारीलाई ३ महिनाको तलब तथा भत्ता बराबरको रकम प्रोत्साहन भत्ता स्वरुप खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले अनियमित देखिएको रु. | ५८५,३२८ |

४५

**भुक्तानीमा कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर रु.५३१८९।०० अग्रिम कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| १२५।२०७९।३।२५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन तथा प्रसारण असल शासन पोष्ट साप्ताहिक लाई भुक्तानी | १०४००० | १५% | १५००० |
| **जम्मा** | | | | **१५०००** |

*प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको*

१५,०००

४६

**बिल भरपाई वेगर भुक्तानीः**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.८२९५७।- सम्परीक्षण गरिएको ।)*

०

४७

**शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ वटा सामुदायिक विद्यालयहरुमा २४ जना स्थायी, १७ जना करार गरी जम्मा ४१ शिक्षक रहेकोमा विद्यार्थीको संख्या ८९१ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ४८ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** –<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्रका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ७१३४४५० तलब भत्ता भुक्तानी गरेको छ । | |
| ४९ | | | **शिर्षक फरक पारी खर्चः**<br><br>कुनै पनि कार्यक्रममा विनियोजन गरेको रकम उक्त शिर्षकमै खर्च गर्नुपर्ने र यदि रकमान्तर गर्नु पर्ने भएमा सो को सम्पूर्ण प्रक्रिया पुऱ्याएर मात्र खर्च गर्न पाउने व्यवस्था छ । तर गाउँपालिकाले रकमान्तर नगरी सशर्त चालुको ८७।२०७९।३।१७ बाट तोकिएका विद्यार्थीको दिवा खाजा अनुदानको रकम रु ४५३२७ पाठ्यपुस्तक अनुदानमा खर्च गरेकोले शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु | ४५,३२७ |
| ५० | | | **राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माण :**<br><br>✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.२२६८६१।- सम्परीक्षण गरिएको ।)* | ० |
| ५१ | | | **औषधी खरिद** –<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर सशर्तबाट रु ३५ लाख, गापा समानिकरणबाट रु ५ लाख र आयुर्वेदबाट रु १० लाख गरी रु. ५० लाखका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |

| | | | | |
|---|---|---|---|---|
| | | | · औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>· तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br><br>✍ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.१३५०००० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ५३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम:**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि गर्ने, परिच्छेद-४ को (११) र (५) मा रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनुपर्ने, परिच्छेद-३ (६) मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमा छनोट भएका ७ वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु. १०४९३२७० खर्च भएको छ । अनुसूची-३(५) मा सुचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यावस्था छ । तर पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम दिन र न्यूनतम दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्तिले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ७ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका २७२ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । सुचिकृत भएका श्रमिकलाई पुरा एक सय दिन बराबरको रोजगार नदिएर सुचिकृत नभएका श्रमिकलाई रोजगार दिइ कार्यक्रम सम्पन्न गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **वढी भुक्तानीः**<br><br>*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.५७१४१ ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ५५ | | | **बढी भुक्तानीः**<br><br>*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.२०००० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ५६ | | | **कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार काम नभएकोः**<br><br>*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.४७८००० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ५७ | | | **अनुदानको अनुगमन** –<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले ३ कृषि तथापशुसेवा सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. १९ लाख अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr>
<td>५८</td>
<td></td>
<td></td>
<td>

**प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कन्टिनजेन्सी कट्टाः**

प्रधानमन्त्री रोजगार कार्यक्रम बाट कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (३) मा विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने र उक्त रकमबाट कन्टिनजेन्सी कट्टा गर्न नपाइने व्यवस्था छ ।तर पालिकाले यस वर्ष सञ्चालित निम्न ७ वटा कार्यक्रमको विनियोजन रकमबाट १ प्रतिशतका दरले रु ९३०६० कन्टिनजेन्सी कट्टा गरेको छ । यसरी नियममा भएको व्यवस्था भन्दा विपरित कट्टा गरेको कन्टिन्जेन्सी नियमसम्मत नदेखिएको रु

<table>
<tr><th>भौ नं मिति</th><th>योजनाको नाम</th><th>कन्टिन्जेन्सी रकम रु</th></tr>
<tr><td>११२।२०७९।३।२३</td><td>सिरि देखि पाले हुदै खानी गुम्बा गोरेटो बाटो</td><td>१३३५३.३३</td></tr>
<tr><td>१११।२०७९।३।२३</td><td>बन्ठाडा स्टोङ पिचिङ्ग निर्माण</td><td>१३३५३.३३</td></tr>
<tr><td>११०।२०७९।३।२३</td><td>लावन गाउँ देखि धारापानी देखि उरुटोल गोरेटो बाटो</td><td>१३३५३.३३</td></tr>
<tr><td>१०९।२०७९।३।२३</td><td>जर्का देखि वाङ्गे सम्म गोरेटो बाटो</td><td>१३२५०</td></tr>
<tr><td>१०९।२०७९।३।२३</td><td>कोला देखि ताचिन हुदै खागर गुम्बा घोरेटो बाटो</td><td>१३२५०</td></tr>
<tr><td>१०९।२०७९।३।२</td><td>ताराकोट देखि गुम्बातारा बाटो</td><td>१३२५०</td></tr>
</table>

</td>
<td>९३,०५९.९९</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td></td><td></td></tr>
<tr><td>१०९।२०७९।३।२३</td><td>दुखा रिक्वा हुदै छोयाढाका सम्म घेरावार</td><td>१३२५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९३०५९.९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>विल बेगरको भुक्तानीः<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.१०००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>खरिद कारवाही अभिलेख:<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९४६३९०००पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ६२ | | | **मु.अ.कर दर्ता बेगर मु.अ.कर लिएको:**<br><br>व्यासी सामुदायिक स्याउ तथा ओखर फर्म घेरावार तथा सिंचाई कार्यक्रमको निर्माण व्यवसायी किरण/ धुम जे भि दुल्लु ५ दैलेखले कार्यक्रम सम्पन्न पश्चात भुक्तानीका लागि पेश गरेको रु ९३९४७५० को विजक नं १ मिति २०७९।३।२१ मा उल्लेखित पान नम्वर ६१६९८५२१४ सर्च गर्दा उक्त फर्म मु अ करमा दर्ता भएको पाइएन । मु अ करमा दर्ता नभएको कर विजक पेश गरी मु अ कर वापत रु १०७९६६१।५३ राखेकोमा कार्यालयले सो को नियमअनुसार ३० प्रतिशत करकट्टी गरी सम्बन्धीतलाई भुक्तानी गरेको पाइयो ।यसरी गलत करवीजक पेश गरी भुक्तानी लिएको मु अ कर रकम सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु | १,०७९,६६१.५२ |
| ६३ | | | **सोझै खरिद:**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग पटक पटक गरी सीमाभन्दा बढी सोझै रकमकोखरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको | |

<table>
<tr><td></td><td></td><td></td><td>निम्नानुसार रु. ८४६०८२ को सोझै खरिद गरेको नियमसम्मत देखिएको छैन ।
<table>
<tr><td>क्र स</td><td>भुक्तानी पाउनेको नाम</td><td>कार्य / सामग्री</td><td>विल मिति</td><td>विल न</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>कर्णाली इनर्जी एण्ड स्टेशनरी</td><td>सोलार प्यानल,व्याट्री लगायत</td><td>२०७९।३।१५</td><td>४१</td><td>७१२८०२</td></tr>
<tr><td>२</td><td>कर्णाली इनर्जी एण्ड स्टेशनरी</td><td>सोलार प्यानल,व्याट्री लगायत</td><td>२०७८।११।१८</td><td>२१</td><td>२२५००</td></tr>
<tr><td>३</td><td>कर्णाली इनर्जी एण्ड स्टेशनरी</td><td>सोलार प्यानल,व्याट्री लगायत</td><td>२०७८।१२।१५</td><td>२६</td><td>११०७८०</td></tr>
<tr><td></td><td colspan="4">जम्मा</td><td>८४६०८२</td></tr>
</table></td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>लागत सहभागिता:<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>नर्म्स फरक पारी बढी भुक्तानीः<br><br>आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत</td><td>४,४३५,३५०</td></tr>
</table>

पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । Foot trail norms (Blasting नगर्ने कार्यका लागि) अनुसार गोरेटो बाटो तथा घोरेटो बाटो निर्माण कार्यको Hard rock cutting का लागि प्रति घनमिटर १२ अदक्ष कामदार लाग्ने उल्लेख भएकोमा लागत अनुमानमा प्रति घनमिटर १७ अदक्ष कामदार राखि ल.ई. तयार पारेको देखिएकोले बास्तविक भुक्तानी खर्च हुनुपर्ने भन्दा बढी खर्च भुक्तानी भएको छ। प्रति घनमिटर १२ कामदार राख्दा जिल्ला दररेट अनुसार Hard Rock Cutting को दर प्रति घन मिटर रु १०४५२ हुनेमा १७ कामदार राखी प्रति घनमिटर रु १४८०७ राखेको र सोहि अनुसार भुक्तानी गरेकोले प्रति घनमिटर रु ४३६६बढी भुक्तानी भएको छ ।यसरी नियमानुसार भुक्तानी गर्नुपर्ने भन्दा बढी भुक्तानी भएको रकम भुक्तानी लिने पक्ष संग अशुल गर्नुपर्ने रु...

| भौ.न. मिति | काम | भुक्तानी पार्टी | Hard Rock परिमाण | भुक्तानी रकम | हुनुपर्ने भुक्तानी | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ७४।०७९।३।२३ | कोनाबाट जर्खाखवु खोला सम्म गोरेटो बाटो निर्माण | कोनाबाट जर्खाखवु खोला सम्म गोरेटो बाटो निर्माण उ.स. | १४२.२१ | २१०५७०३ | १४८६३७८ | ६१९३२५ |
| ३१।०७८।८।१३ | घाङ देखि होङ्पा सम्म को घो. बाटो निर्माण | घाङ देखि होङ्पा सम्म को घो. बाटो निर्माण उ.स. | २०५.३६ | ३०४०३२८ | २१४६४२२ | ८९४४०५ |
| ५२।०७८।१२।१४ | गुम्वातारा देखि टिवुछे | गुम्वातारा देखि टिवुछे | ५५.२५ | ३४४३१८ | २४३००९ | १०१३०९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्म को घो.बाटो निर्माण | सम्म को घो.बाटो निर्माण उ. स. | | | | |
| ५४।०७८।१२।१६ | पाल्चा देखि रब सम्मको घो. बाटो निर्माण | पाल्चा देखि रब सम्मको घो. बाटो निर्माण उ.स. | ४४.६९ | ६६११७८४ | ४६७१०० | १९४६८४ |
| ७७।०७९।३।२३ | रुख देखि मिजपार घोरेटो बाटो निर्माण | रुख देखि मिजपार घोरेटो बाटो निर्माण उ.स. | २.९३ | ४३३८५ | ३०६२४ | १२७६० |
| ९२।०७९।३।२४ | क्याबु देखि राल्वा हुदै गेवन सम्मको गोरेटो बाटो निर्माण | क्याबु देखि राल्वा हुदै गेवन सम्मको गोरेटो बाटो निर्माण उ.स. | ३४.९८ | ५१७९९३ | ३६५६११ | १५२३८२ |
| १०।०७९।१।२३ | सहतारा देखि गुम्वा | सहतारा देखि गुम्वा | २६४.४८ | ३९१६१५५ | २७६४३४५ | ११५१८०९ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सम्मको पदमार्ग निर्माण</td><td>सम्मको पदमार्ग निर्माण उ.स.</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२।०७९।१।२३</td><td>तातोपानी खरप्पा सम्मको पदमार्ग निर्माण</td><td>तातोपानी खरप्पा सम्मको पदमार्ग निर्माण उ.स.</td><td>१६७.५८</td><td>२४८१३५७</td><td>१७५१४४७</td><td>७२९८१०</td></tr>
<tr><td>सशर्त पूँजीगतको १०।२०७९।३।२३</td><td>कोला ताचिन देखि टुप्पातारा जोड्ने सडक स्तरोन्नती</td><td>कोला ताचिन देखि टुप्पातारा जोड्ने सडक स्तरोन्नती उ स</td><td>१३२.९२</td><td>१९६८१४६</td><td>१३८९२७९</td><td>५७८८६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ६७ | | | **लाभग्राहीको नाम नविकरण :**<br><br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले आगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत गाँउपालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ। | |
| ६८ | | | **प्रतिवेदन पेश गर्नुपर्ने :**<br><br>सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । पालिकाले सो अनुसारको विवरण तयार गरेको पाईएन।तसर्थ नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६९ | | | **विवरण पठाउनु पर्ने :**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाँउपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |

७० **सामाजिक सुरक्षा कार्यक्रमः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा रु. ३२२०४४२९ रकम बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ ।

७१ बेरुजू लगत तथा सम्परीक्षणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ५५१७७ | ०।०० | ५५१७७ |